मधुवन नगरपालिका

# मधुवन राजपत्र

खण्डः ८ संख्याः ३ प्रमाणीकरण मितिः २०८१/०९/२८

प्रकाशन मितिः २०८१/ १०/०३

भागः २

मधुवन नगरपालिका

## मधुवन नगरपालिका

## नगर कार्यापालिकाको कार्यालयको सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मधुवन नगरपालिका नगर कार्यापालिकाले मिति २०८१।०९।२८ गते स्वीकृत गरी जारी गरिएको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### न्यायिक समितिको न्याय सम्पादन निर्देशिका, २०८१

# न्यायिक समितिको न्याय सम्पादन निर्देशिका, २०८१

<u>प्रस्तावनाः</u> बाँके र बर्दिया जिल्लाका स्थानीय पालिकाको न्यायिक समितिको कार्य सम्पादन प्रक्रियामा एकरुपता कायम गरी न्याय सम्पादनको कार्यलाई प्रभावकारी बनाउन बाँके र बर्दियाका पालिकाका न्यायिक समितिका संयोजक र सदस्यहरुको मिति २०८० श्रावण २६ गते बसेको संयुक्त बैठकले संयुक्त दस्तखत गरी बाँके र बर्दिया न्यायिक समितिको संयोजकहरुद्वारा न्याय सम्पादन गर्ने कार्यमा सहयोग पुग्ने भै यो निर्देशिका जारी गर्न कार्यापालिका बैठकमा बिधायन समिति मार्फत पेश भएको निर्देशिका जारी गर्ने ।

## १. पृष्ठभूमि

१.१ नेपालको संविधान एवं स्थानीय सरकार संचालन ऐन २०७४ को ४७(१) र ४७ (२) सम्बन्धी स्थानीय तहको न्यायिक समितिलाई स्थानीय प्रकृतिका विवादहरु निरुपण गर्ने अधिकार प्रदान गरेको छ । न्यायिक समितिलाई स्थानीय प्रकृतिका केही विवादहरु निरुपण गर्ने अधिकार प्रदान गरेको छ । स्थानीय जनताका सानातिना विवादहरु स्थानीय जनप्रतिनिधिहरुले न्यायिक समितिमार्फत छिटो, छरितो, सर्व सुलभ र कम खर्चिलो प्रक्रियाबाट निरुपणा गरी वास्तविक न्याय प्रदान गर्दछन् भन्ने अभिप्रायले न्यायिक अधिकार स्थानीय तहको न्यायिक समितिलाई दिएको छ ।

१.२ न्यायिक समितिले कसैप्रति कुनै आग्रह पूर्वग्रह नराखी सवुद प्रमाण वुझी न्याय इन्साफ गर्नुपर्ने वामेलमिलापबाट विवाद समाधान गर्नुपर्ने हुन्छ । मेलमिलापबाट भएको विवादको निरुपण सदाका लागि अन्त्य हुन्छ । मेलमिलापबाट भएको समाधानमा दुवै पक्षको जित जितको अवस्था हुन्छ । यसकारण पनि न्यायिक समितिले विवाद समाधानका सन्दर्भमा मेलमिलाप गर्न प्रोत्साहन गर्नु पर्छ ।

## २. नेपालको संविधान र न्यायिक समिति

२.१ स्थानीय जनताका स्थानीय प्रकृतिका विवादहरु निरुपण गर्न नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा नगरसभा बैठकबाट निर्वाचित दुई सदस्य समेत रहने गरी न्यायिक समिति गठन हुने व्यवस्था संविधानले गरेको छ। #नेपालको संविधान भाग १७ धारा २१७, नेपालको संविधान वमोजिम ।न्यायिक समितिलाई कानूनले तोकेको आफ्नो अधिकारक्षेत्र भित्रको विवाद निरुपण गर्ने अधिकार छ।

२.२ न्यायिक समितिले विवाद निरुपण गर्दा कानून र न्यायको मान्य सिद्धान्तहरुको पालना गर्नु पर्दछ । यस्ता सिद्धान्तहरुमाः-

क. कानूनले न्यायिक समितिबाट हेर्ने भनी तोकेको विषयका विवादहरु मात्र दर्ता गरी निरुपण गर्ने, अधिकारक्षेत्र नभएको विषयमा उजुरी दर्ता गरी निरुपण गर्न नमिल्ने,

ख. कानूनले तोकेको उजुरी गर्ने अवधी समय (हदम्याद) भित्र रहेको उजुरी मात्र दर्ता गरी निरुपण गर्ने,

ग. कानूनले जसलाई उजुरी गर्न हक हुने भनेको छ, त्यसै व्यक्तिले दिएको (हकदैया) उजुरी मात्र दर्ता गरी निरुपण गर्ने,

घ. अदालत वा आधिकारिक निकायबाट त्यस सम्बन्धमा पहिलेनै निरुपण भईसकेका विवादहरुको विषयमा उजुरी दर्ता गरी निरुपण गर्न नहुने,

ङ. विवाद निरुपण गर्नुपूर्व उजुरी गर्ने पक्ष (पिडित) र विपक्ष (पिडक) दुवैको कुरा सुनी सवुद प्रमाणका आधारमा निरुपण गर्ने,

च. न्यायिक समितिको संयोजक र सदस्यहरुको नाता सम्बन्ध भएको वा स्वार्थ निहित भएको उजुरी त्यस्तो नाता सम्बन्ध वा स्वार्थ निहित भएको संयोजक वा सदस्यले त्यस्तो विवाद निरुपण नगर्ने,

छ. विवाद निरुपण गर्दा आधार र कारण खुलाई सवुद प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्ने,

ज. मेलमिलापद्वारा विवाद निरुपण गर्न सक्ने भनी कानूनले तोकेको विषय बाहेक अन्य गम्भिर र जघन्य कसुर सम्बन्धी विषयमा र सरकारी, सार्वजनिक वा सामुदायिक सम्पत्तीका सम्बन्धमा दुवै पक्ष मिल्न मंजुर गरेपनि मेलमिलाप गराउन नहुने,

झ. न्यायिक समितिमा दर्ता भएका उजुरी कानुनले तोकेको म्याद भित्रै निरुपण गरी सक्नुपर्ने,

ञ. जेष्ठ नागरिक, नावालक, पीडित महिलासँग सम्बन्धित विषयहरुलाई प्राथमिकता दिई निरुपण गर्ने ।

## ३. न्यायिक समितिमा उजुरी दिने अधिकार

३.१ न्यायिक समितिमा देहायको व्यक्तिले सम्बन्धित पालिकाको न्यायिक समितिमा उजुरी/निवेदन दिन सक्दछः–

क. उजुरीकर्ता वा विपक्ष मध्ये एक वा दुवै पक्ष सोही स्थानीय तहको वासिन्दा,

ख. निरुपण गर्नुपर्ने विवादसँग सम्बन्धित घर, जग्गा वा अन्य सम्पत्ति सोहि स्थानीय तहको भौगोलिक क्षेत्रभित्र रहेको,

ग. निरुपण गर्ने विषयसँग सम्बन्धित घटना सो स्थानीय तहको भू-भाग भित्र भएको,

घ. विषयवस्तुको प्रकृतिको कारण सो विवाद त्यही स्थानीय तहको न्यायिक समितिले निरुपण गर्नु उपयुक्त हुने भनी अन्य निकायबाट लेखी आएकोअधिकारक्षेत्र भित्रको विषय।

## ४. न्यायिक समितिले निरुपण गर्नुपर्ने विवादहरु

४.१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) ले न्यायिक समितिले देहायका विवादहरु मेलमिलापको प्रक्रियाबाट टुङ्गो लाग्न नसकेमा निर्णय (फैसला) नै गर्नु पर्दछः-

(क) आलीधुर, बाँधपैनी, कुलो वा पानीघाटको वाँडफाँट तथा उपयोग,(मुलुकी देवानी संहिता, २०७४ दफा २९१, २९२, २९३, २९४)

(ख) अर्काको वाली नोक्सानी गरेको,(मुलुकी देवानी संहिता, २०७४ दफा ६७६, ६८४)

(ग) चरन, घाँस, दाउरा, (मुलुकी देवानी संहिता, २०७४ दफा ३००(१,) ३०४(२) र ३१३)

(घ) ज्याला मंजुरी नदिएको, (मुलुकी देवानी संहिता दफा ६४१, ६४३(२), ६४४,६४६, ६४७)

(ङ) घर पालुवा पशुपंक्षी हराएको वा पाएको, (मुलुकी देवानी संहिता, २०७४ दफा ६७०)

(च) जेष्ठ नागरिकको पालन पोषण तथा हेरचाह नगरेको,(स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को उपदफा (८))

(छ) नावालक छोरा छोरी वा पति-पत्निलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षादीक्षा नदिएको,(मुलुकी देवानी संहिता, २०७४ दफा ११४, २११ (१), २३५(घ)

(ज) वार्षिक पच्चीस लाख रुपैंयासम्मको विगो भएको घर वहाल र घर वहाल सुविधा,(मुलुकी देवानी संहिता, २०७४ दफा ३८३, ३९०, ३९१, ३९६, ३९७)

(झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रुख विरुवा लगाएको, (मुलुकी देवानी संहिता, २०७४ दफा २८४, २८५, २८६)

(ञ) आफ्नो घर वा वलेसिबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको, (मुलुकी देवानी संहिता, २०७४ दफा २८१, २८६)

(ट) सँधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून वमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको, (मुलुकी देवानी संहिता, २०७४ दफा २८०, २८६)

(ठ) कसैको हक वा स्वामित्वमा भएपनि परापूर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, बस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो नहर, पोखरी, पाटी पौवा, अन्त्यष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा वाधा पुर्याएको, (मुलुकी देवानी संहिता, २०७४ दफा ३७१, ३७३, ३८२)

(ड) संघीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेका अन्य विवाद।

उपर्युक्त विषयका अतिरिक्त माथिखण्ड(ड) वमोजिम संघीय कानूनले न्यायिक समितिलाई देहाय वमोजिमको विवाद निरुपण गर्ने थप अधिकार प्रदान गरेको छ ।

(१) अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ९ को उपदफा (१) वमोजिम आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्नाको निम्ति बालबालिकालाई विद्यालयको प्रधानाध्यापकले इन्कार गरेमा, विद्यालयबाट निष्कासन गरेमा, परिक्षा दिन वञ्चित गरेमा, स्थानान्तरण प्रमाणपत्र दिन इन्कार गरेमा, दफा १६ वमोजिम परम्परागत शिक्षा प्रदान गर्ने अधिकार विपरितका कुनै कार्य गरेमा, दफा २७ वमोजिम निजि लगानीका विद्यालयले विद्यार्थीहरुलाई कानून वमोजिम निशुल्क शिक्षा प्रदान गर्ने छुट दिनु पर्ने संख्या नछुट्याएमा सम्बन्धित बालबालिकाको अभिभावकले त्यस्तो कसुर गरेको १५ दिनभित्र सम्बन्धित तहको न्यायिक समितिमा उजुर/निवेदन दिन सक्ने, यस्तो कसुरमा न्यायिक समितिले कसुरको

प्रकृति हेरी सम्बन्धित प्रधानाध्यापकहरुलाई रु२५ हजार रुपैया सम्म जरिवाना गर्न सक्ने छ।

(२)सामाजिक सुरक्षा ऐन, २०७५ को दफा २३ वमोजिम कसैलेविवरण ढाँटी सामाजिक सुरक्षा भत्ता लिएमा जुनसुकै व्यक्तिले सम्बन्धित न्यायिक समिति समक्ष उजुर गर्न सक्ने छ । यस्तो कसुरमा न्यायिक समितिले कसुर गर्ने व्यक्तिले लिएको रकम असूल गरी निजलाई विगो वरावर जरिवाना गर्न सक्ने छ। यस्तो उजुरी न्यायिक समितिमा दर्ता भएको मितिले एकसय वीस दिन भित्र किनारा गरिसक्नुपर्ने छ।

(३)आवासको अधिकार सम्बन्धी ऐन, २०७५ को दफा २४ वमोजिम आवास सुविधाको उपभोग गर्ने व्यक्ति तथा परिवारहरु वीच हक वेहक सम्बन्धी विवाद बाहेकको विवादको निरुपण गर्ने अधिकार न्यायिक समितिलाई रहेको छ ।

(४) बालवालिका सम्बन्धी ऐन, २०७५ को दफा ६४ वमोजिम वाल अधिकारको उल्लंघनमा न्यायिक समितिले वालवालिका प्रतिको दायित्व पुरा गर्न सम्बन्धित व्यक्ति, संस्था वा निकायलाई आदेश दिन, सचेत गराउन सक्दछ ।

(५)विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २८ को उपदफा (२) वमोजिम दफा २५ को उपदफा (३) को खण्ड (क) अन्तर्गतको कसुर जसमा सार्वजनिक स्थलबाट देखिने गरी होडिङ्ग वोर्ड राख्न र त्यसमा विज्ञापन गर्न चाहने व्यक्तिले स्थानीय तहबाट अनुमतिपत्र नलिइकन होडिङ्ग बोर्ड राखेमा न्यायिक समितिले एक लाख रुपैया सम्म जरिवाना गर्न सक्ने छ ।

## ५. न्यायिक समितिले मेलमिलाप मात्र गराउन सक्ने विवादहरु

५.१ न्यायिक समितिले देहायका विवादहरुमा मेलमिलापको माध्यमबाट मात्र विवादको निरुपण गर्ने अधिकार स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को उपदफा (२) ले प्रदान गरेको छ –

(क)सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकको हकको जग्गा अर्कोले चापी, मिची वा घुसाई खाएको,(मुलुकी देवानी संहिता, २०७४ दफा २७७, २८६ )

(ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको, (मुलुकी देवानी संहिता, २०७४ दफा ३७६, २७९, २८६)

(ग) पति-पत्नी वीचको सम्बन्ध विच्छेद, गर्न सकिने छैन तर पति पत्नी वीचको सम्बन्ध विच्छेद हुने गरी मेलमिलाप गर्न सकिने छैन। (मुलुकी देवानी संहिता, २०७४ दफा ९७)

(घ) अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट, (मुलुकी अपराध संहिता, २०७४ परिच्छेद १४)

(ङ) गाली बेइज्जती, (मुलुकी अपराध संहिता, २०७४ दफा ३०५, ३०६, ३०७)

(च) लुटपिट, (मुलुकी देवानी संहिता, २०७४ दफा २८६, २८८)

(छ) पशुपंक्षी छाडा छाडेका वा पशुपक्षीं राख्दा वा पाल्दा लापरवाही गरी अरुलाई असर पारेको, (मुलुकी देवानी संहिता, २०७४ दफा ६७६, ६८६)

(ज) अरुको आवासमा अनधिकृत प्रवेश गरेको, (मुलुकी अपराध संहिता, २०७४ परिच्छेद २६)

(झ) अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेको, (मुलुकी देवानी संहिता, २०७४ दफा २८७, २९८)

(ञ) ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर पुर्याएको, , (मुलुकी देवानी संहिता, २०७४ दफा २७८, ६७९, ६८४)

(ट) प्रचलित कानून वमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद ।

**६.मेलमिलाप गराउन नसक्ने विषयहरु**

६.१ न्यायिक समितिले विवादको निरुपण गर्ने प्रक्रियामा कानूनले मेलमिलाप हुन सक्ने भनी तोकेको विषयहरुमा मेलमिलाप गराउन सक्दछ । एक वर्षभन्दा बढी कैद हुने फौजदारी मुद्दा न्यायिक समितिले मेलमिलाप गराउने अधिकार छैन । पति पत्नी बीचको सम्बन्ध विच्छेद हुने गरी मेलमिलाप गराउन सकिन्न।

६.२ सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा घर सम्पत्तिका विषयमा मेलमिलाप गराउन मिल्दैन । तर सार्वजनिक, सरकारी वा सामुदायिक सम्पत्ती कायम हुने गरी मेलमिलाप गराउन सकिनेछ ।

६.३ मेलमिलाप गर्नु गराउनु भन्दा पहिले न्यायिक समितिले त्यस्ता विवाद मेलमिलापबाट समाधान गर्नु हुन्छ हुन्न भन्ने कुरा ख्याल गर्नुपर्दछ । गंभिर र जघन्य प्रकृतिका फौजदारी कसुरहरु मेलमिलापबाट टुङ्ग्याउनु हुँदैन । त्यस्तो कसुर गर्ने कसुरदारलाई अदालतबाट सजाय गर्नुपर्ने हुन्छ।

६.४ न्यायिक समितिले मेलमिलाप गराउन पाउने अधिकार भएको स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को उपदफा (२) वमोजिमका विवादहरुको सम्बन्धमा पक्षले चाहेमा न्यायिक समितिमा उजुरी नल्याई सोझै अदालतमा मुद्दा दायर गर्न सक्दछ ।

## ७.न्यायिक समितिमा उजुरी दर्ता सम्बन्धी कार्यविधि

७.१ न्यायिक समितिको अधिकार क्षेत्रको विषयमा हकदैया पुगेको व्यक्तिले न्यायिक समितिले तोकेकोपालिकाको उजुरी दर्ता अधिकारी समक्ष उजुरी दर्ता गर्न सक्नेछ । देहायको कुरा उजुरीमा खुलेको हुनु पर्नेछ।

(क)पक्षहरुको नाम, थर, ठेगाना,

(ख)उजुरी गर्नु परेको व्यहोरा र विवरण,

(ग) उजुरीकर्ताले दावी गरेको विषय र सो सँग सम्बन्धित प्रमाणहरु,

(घ) अचल सम्पत्तिको विवाद भए सो रहेको स्थान र अवस्था, आदि ।

७.२ न्यायिक समितिले तोकेको उजुरी दर्ता अधिकारीले उजुरी न्यायिक समितिको अधिकार क्षेत्र भित्र पर्ने नपर्ने के हो ? हदम्याद र उजुर गर्नेको उजुर गर्ने हक लाग्ने नलाग्ने? अन्य आवश्यक रीत पुगे नपुगेको हेरी रितपूर्वक रहेछ भने दर्ता गरी दर्ता गरेको निस्सा उजुरकर्तालाई दिनुपर्ने छ ।

७.३ प्रचलित कानूनमा उजुर दिने हदम्याद तोकिएकोमा सोही म्यादभित्र र कुनै हदम्यमद नतोकिएकोमा त्यस्तो कार्य भए गरेको मितिले पैतीस दिनभित्र न्यायिक समिति समक्ष उजुरी/निवेदन दिनुपर्नेछ ।

७.४ उजुरी दर्ता भएपछि सम्बन्धित उजुरीकर्तालाई तारेख तोकी तारिख पर्चा दिनुपर्ने छ ।

७.५ उजुरी रीतपूर्वकको रहेनछ वा न्यायिक समितिको अधिकारक्षेत्र भित्र नपर्ने रहेछ भने उजुरी दर्ता अधिकारीलेसोही व्यहोरा उल्लेख गरी उजुरी दरपिठ गरी फिर्ता गर्नुपर्नेछ ।

७.६ उजुरी दर्ता अधिकारीले दरपिठ गरेको उजुरी उपर न्यायिक समितिमा चित्त नबुझे उजुरकर्ताले निवेदन दिन सक्ने छ । यस्तोमा न्यायिक समितिले जाँचबुझ गरी दर्ता गर्नुपर्ने देखेमा दर्ता गर्नु भन्ने र दर्ता गर्नु नपर्ने रहेछ भने सोही व्यहोराको आदेश गरी सम्बन्धित उजुरीकर्तालाई जानकारी दिनुपर्नेछ ।

७.७ उजुरी दर्ता गर्ने सम्बन्धमा कुनै दस्तुर तोकिएको रहेछ भने दस्तुर तिरेको रसिद उजुरीसँगै पेश गर्नुपर्ने छ ।

## ८. प्रतिवाद/जवाफ पेश गर्ने

८.१ विपक्षलाई म्याद सूचना तामेल भएपछि निज विपक्षी आफै वा वारिस मार्फत लिखित प्रतिवाद न्यायिक समितिमा दर्ता गर्नुपर्ने छ ।

८.२ विपक्षीले प्रतिवाद पेश गर्दा भएको प्रमाण संलग्न गरी पेश गर्नुपर्ने छ ।

८.३ विपक्षीको प्रतिवाद रीतपूर्वकको रहेछ भन्ने उजुरी दर्ता अधिकारीले प्रतिवाद/जवाफ दर्ता गरी उजुरी फायलमै प्रतिवाद/जवाफ राखीविपक्षलाई उजुरकर्तालाई तोकेको तारिख कै दिन मिलान हुने गरी तारख तोक्नु पर्ने छ ।

८.४ उजुरीकर्ता र विपक्षीलाई तारिख तोक्दा एकै मिलानको मिति र समय उल्लेख गरी तोक्नुपर्नेछ ।

## ९. विपक्षीलाई झिकाउने कार्यविधि

९.१ उजुरी दर्ता भएपछि विपक्षीलाई सूचना दिई उनको कुरा सुन्न, प्रमाण बुझ्न, निर्णय गर्न समेतका कामका लागि उजुरी सुनवाईका निम्ति न्यायिक समिति समक्ष पेश (पेशी) गर्नु पर्दछ ।

९.२ न्यायिक समितिमा उजुरी दर्ता भएपछि विपक्षीलाई उजुरीको व्यहोरा उल्लेख गरी सवुद प्रमाण माग सहित उपस्थितिका लागि सम्बन्धित वडा कार्यालय मार्फत पन्ध्र दिनको सूचना म्याद पठाउनु पर्ने छ ।

९.३ न्यायिक समितिबाट पठाएको म्याद सूचना वडा कार्यालयले तीन दिनभित्र तामेल गरी सोही व्यहोरा तामेली कागज न्यायिक समितिमा पठाउनु पर्ने छ ।

९.४ विपक्षीको घर ठेगाना पत्ता नलागेमा विधुतिय माध्यम वा पत्रिकामा सूचना प्रकाशन गरेर म्याद तामेल गर्नुपर्ने छ।

९.५ वडा कार्यालयबाट विपक्षलाई म्याद तामेल गर्दा सम्बन्धित वडा अध्यक्ष वा सदस्य तथा कम्तीमा दुईजना स्थानीय व्यक्तिलाई रोहवरमा राख्नुपर्ने छ ।

९.६ वडा कार्यालयबाट म्याद तामेलीको प्रतिवेदन प्राप्त भएपछि उजुरी दर्ता अधिकारीले म्याद रीतपूर्वक तामेल भए नभएको जाँच गरी वेरितको भए पुन म्याद पठाउनु पर्ने छ ।

## १०. मेलमिलापकर्ता र मेलमिलाप केन्द्र

१०.१ न्यायिक समितिलाई मेलमिलाप गराउने अधिकार भएको विवादमा मेलमिलाप गराउँदा न्यायिक समितिले आफूले सूचिकृत गरेको मेलमिलापकर्ताबाट गराउनु पर्नेछ । न्यायिक समितिले कानूनले तोकेको योग्यता पुगेको व्यक्तिहरुको मेलमिलापकर्ताको रुपमा सूचीकृत गरी निजहरुलाई तालिम/ प्रशिक्षण दिई निजहरुले पालना गर्नुपर्ने आचरणका नियमहरुको जानकारी गराई शपथ खुवाईकन मात्र मेलमिलापकर्ताको रुपमा जिम्मेवारी दिनु पर्ने छ।

१०.२ मेलमिलापकर्ता हुने व्यक्तिमा पक्षहरुलाई सहजिकरण गर्ने क्षमता, निष्पक्ष व्यवहार गर्न सक्ने योग्यता, आदर र सम्मान र गोपनियता राख्न सक्ने गुण हुनुपर्दछ ।

१०.३ न्यायिक समितिले मेलमिलाप गराउने प्रयोजनको लागि प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गर्न सक्ने छ ।

१०.४ न्यायिक समितिले मेलमिलाप केन्द्रमा मेलमिलापकर्ताको सूची मध्येबाट १ जनालाई मेलमिलाप केन्द्रको संयोजक तोक्न सक्ने छ ।

१०.५ न्यायिक समितिले विपक्षीको उपस्थिति भएपछि सूचिकृत मेलमिलापकर्ताहरु मध्ये पक्षहरुले रोजेको व्यक्तिलाई मेलमिलापकर्ताको रुपमा तोकी सम्बन्धित मेलमिलाप केन्द्रमा कागजात सहित दुवै पक्षलाई पठाउने छ ।

१०.६ पक्षहरुले सूचिकृत मेलमिलापकर्ताहरु मध्ये कुनै एक व्यक्तिलाई छनौट गर्न नसकेमा पक्षहरुले रोजेको एक/एक जना र न्यायिक समितिले तोकेको एक जना सूचिकृत मेलमिलापकर्ताहरुबाट संयोजक समेत गरी तीन सदस्य मेलमिलापकर्ता छनौट गर्नेछ ।

१०.७ मेलमिलाप केन्द्रले न्यायिक समितिले तोकेको समयसीमा भित्र मेलमिलाप हुन सकेमा सोही व्यहोरा र हुन नसकेमा सोही व्यहोरा उल्लेख गरी कागजात सहित न्यायिक समितिमा पठाउनु पर्नेछ ।

१०.८ मेलमिलापकर्ताबाट मेलमिलाप हुने गरी पक्षहरुले मंजुरी गरेको कागजात न्यायिक समितिमा पेश भएपछि न्यायिक समितिले मेलमिलापको शर्त राजिखुसीले गरेको हो होइन भनी पक्षहरुलाई सोधी राजीखुसीले गरेको हो भनेमा पक्षहरुको सहिछाप गराई न्यायिक समितिको संयोजक र सदस्यले मेलमिलापको कागजमा सहिछाप गरी प्रमाणिकरण गरिदिनुपर्छ ।

१०.९ न्यायिक समितिले मेलमिलाप गराएकोमा सोही विषयमा सोही पक्षहरुका वीचमा पछि कुनै कारवाही वा मुद्दा चल्ने छैन । मेलमिलापको कागजमा उल्लेख भएको शर्त वमोजिम कुनै पक्षले काम नगरेमा त्यस्तो कुरामा भने मेलमिलाप वमोजिमको शर्त कार्यान्वयन गरी पाउँ भनी उजुर दिन सक्ने छ ।

१०.१० मेलमिलापकर्ताको पारिश्रामिक र सुविधा सम्बन्धित पालिकाले तोके वमोजिम हुनेछ ।

१०.११ न्यायिक समितिबाट भएको मिलापत्रको कार्यान्वयन कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतले गर्नु गराउनु पर्ने छ ।

## ११. सुनवाई तथा प्रमाण बुझ्ने कार्यविधि

११.१ न्यायिक समिति समक्ष पक्ष/विपक्षको उपस्थिति भएपछि मेलमिलापको प्रक्रियाबाट विवाद समाधान गर्ने कार्य गर्नुपर्ने छ ।

११.२ स्थानीय सरकार संचालन ऐनको दफा ४७ को उपदफा (२) का विषयहरु उजुरीकर्ता र विपक्ष दुवै पक्ष उपस्थित भएको तीन महिनाभित्र मेलमिलाप हुन नसकेमा सोही व्यहोरा जनाई न्यायिक समितिले सो विवाद समाधानका लागि जिल्ला अदालत जानु भनी सम्बन्धित पक्षलाई जानकारी दिई सम्बन्धित मिसिल तथा कागजात जिल्ला अदालतमा पठाइदिनु पर्ने छ।

११.३ न्यायिक समितिका संयोजक र सदस्यहरुले आफ्नो वा नजिकको नातेदारको हकहित वा सरोकार रहेको विवाद हेर्नु हुदैन ।

११.४ न्यायिक समितिको अधिकार क्षेत्रको प्रयोग बहुमतको आधारमा हुनेछ । संयोजक र एकजना सदस्य उपस्थित भएमा विवादको कारवाही र किनारा गर्ने सकिनेछ ।

११.५ न्यायिक समितिको संयोजक बाहेक सदस्यहरु मात्र उपस्थित भएमा विवादको किनारा गर्न बाहेक अरु कारवाही गर्न सदस्यहरुले सक्ने छन् ।

११.६ संयोजकको पद कुनै कारणले रिक्त भएमा सदस्यहरुको सर्वसम्मतिमा विवादको कारवाही र किनारा गर्न सकिनेछ ।

११.७ संयोजक र सदस्यहरु सबैको निजि सरोकार वा स्वार्थ गाँसिएको वा नाता सम्बन्ध भित्रको व्यक्तिको विवाद भएमा नगर सभाले तीन जना सदस्यलाई सो विवादको कारवाही र किनारा गर्ने गरी तोक्ने छ ।

११.८ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) वमोजिमको विवादहरु मेलमिलापको प्रक्रियाबाट समाधान हुन नसकेमा न्यायिक समितिले विवादका विषयहरुमा विषयवस्तुको प्रकृति अनुसार आवश्यक प्रमाणहरु बुझ्ने, लिखतहरु रहेछ भने जाँचबुझ गर्ने, साक्षी बुझ्ने, नाप नक्सा गर्ने, सर्जमिन गर्ने जस्ता प्रमाण बुझ्ने काम गर्नु पर्दछ ।

११.९ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४९ को उपदफा (८) को खण्ड(क) देखि (ङ) सम्म उल्लिखित विषयमा न्यायिक समितिले विवादको अन्तिम निर्णय गर्नु पहिले नै तत्काल अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्ने छ ।

११.१० न्यायिक समितिले अन्तरिम संरक्षणात्मक आदेश जारी गर्दा वा विपक्षीको बैंक खाता वा चल अचल सम्पत्ति रोक्का गर्दा उजुरीकर्ताले पेश गरेको कागजात निजको अवस्था र वस्तुगत परिस्थितिको प्रारम्भिक छानविन गरी तत्काल आदेश नगरे उजुरीकर्ता/निवेदकलाई पर्न सक्ने नकारात्मक प्रभावको मूल्याङ्कन गरेरे मात्र गर्नुपर्ने छ ।

१२. निर्णय र निर्णयमा खुलाउनुपर्ने कुराहरु

१२.१ न्यायिक समितिले प्रतिवाद दाखिल भएको वा म्याद भुक्तान भएको मितिले तीन महिनाभित्र विवादको अन्तिम निर्णय गर्नुपर्ने छ।

१२.२ प्रमाण बुझ्ने काम भइसकेपछि उजुरीकर्ताकोमागदावी भित्र सीमित भई सवुद प्रमाणको मूल्याङ्गन गरी न्यायिक समितिले उजुरीकर्ता र विपक्षीको कुरा सुनी उनीहरुकै रोहवरमा निर्णय सुनाइ्ध निर्णय पुस्तिकामा दस्तखत गर्नुपर्ने छ ।

१२.३ न्यायिक समितिले विवादको प्रकृति हेरी महिला तथा बालवालिका समावेश रहेको विवाद बन्द इजलासबाट सुनवाई गर्न सक्ने छ ।

१२.४ न्यायिक समितिले बन्द इजलासमा विवादका पक्ष तथा सरोकारवाला बाहेक अन्य व्यक्तिलाई प्रवेश गर्न नदिने गरी व्यवस्था गर्नुपर्ने छ ।

१२.५ न्यायिक समितिले आफ्नो अधिकारक्षेत्र भित्रको विवाद मिलापत्र हुन नसकी निर्णय गर्नुपर्ने भएमा देहायमा कुरा उल्लेख गरी निर्णय लेख्नुपर्ने छ-

(क)उजुरीको व्यहोरा,
(ख)सुचना र म्याद जारी भएको निर्णय,
(ग) प्रतिवादको व्यहोरा,
(घ) प्रमाण बुझेका आदेशको उल्लेख,
(ङ) निर्णय गर्नुपर्ने विषयको उल्लेख,

(च) निर्णयमा लिएका आधार र कारण, प्रमाणको विवेचना विश्लेषण र सम्बन्धित कानून उल्लेख,

(छ) उजुरीकर्ताको उजुरी दावी पुग्ने नपुग्ने ठहर,

(ज) तपसिल खण्ड

(झ) पुनरावेदन लाग्ने भए पुनरावेदन लाग्ने जिल्ला अदालतको नाम, पुनरावेदन गरिसक्नु पर्ने समय,

१२.६ न्यायिक समितिको संयोजक र सदस्यहरुले निर्णय पुस्तिका र निर्णयप्रतिमा सहीछाप गरी सकेपछि त्यस्तो निर्णयमा हेरफेर गर्नु हुँदैन ।

## १३. निर्णय भएपछि गर्नुपर्ने कारवाही

१३.१ न्यायिक समितिले विवादको निरुपण गरी निर्णय गरिसकेपछि निर्णय पुस्तिका, सक्कल निर्णय प्रति अन्य कागजात सम्बन्धित उजुरी दर्ता शाखाको कर्मचारीलाई जिम्मा दिनुपर्ने छ ।

१३.२ न्यायिक समितिबाट विवादको निर्णय भएको मितिले पैतीस दिनभित्र सम्बन्धित पक्षलाई सो निर्णयको प्रमाणित प्रतिलिपि उपलब्ध गराउनु पर्ने छ ।

१३.३ न्यायिक समितिले निर्णयको पूर्णपाठ तयार भएपछि सो निर्णयमा संयोजक र सदस्यहरुको दस्तखत भइसके पछि उजुरी दर्ता अधिकारीले पुनरावेदन नपरेमा निर्णय कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृतमा पठाउनु पर्ने र प्रमुख प्रमुख प्रशासकीय अधिकृतले निर्णयमा उल्लेख भए वमोजिम तत्काल कार्यान्वयन गर्नु गराउनु पर्ने छ ।

१३.४ निर्णय कार्यान्वयन गर्दा निर्णयको प्रकृति हेरी असुल उपर गर्नुपर्ने, भरिभराउ गर्ने, चलन चलाई दिने, सम्पत्ती रोक्का राख्ने, सम्पत्ति लिलाम गर्ने जस्ता जे जस्तो प्रक्रिया अपनाई गर्नुपर्ने हो कानूनको रीत पुर्याई गर्नुपर्ने छ ।

१३.५ न्यायिक समितिबाट मिलापत्र वा निर्णय भएको विवादसँग सम्बन्धित लिखत, मिलापत्र वा निर्णयको अभिलेख पालिकाले व्यवस्थित र सुरक्षित रुपमा राख्नु पर्ने छ ।

१३.६ न्यायिक समितिको निर्णय कार्यान्वयन भइसकेपछि त्यस सम्बन्धी मिसिल कागजात अभिलेख शाखामा संरक्षित गरी राख्ने व्यवस्था प्रमुख प्रशासकीय अधिकृतले गर्नुपर्ने छ ।

## १४. विविध

१४.१ न्यायिक समितिले गरेको निर्णय/आदेशको प्रतिलिपि लिन चाहाने सरोकारवाला पक्षहरुले तोकिएको दस्तुर तिरी लिन पाउनेछन् ।

१४.२ न्यायिक समितिको कार्य सम्पादनलाई सहज र प्रभावकारी बनाउन प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जनशक्ति र अन्य स्रोत साधन उपलब्ध गराई सहयोग गर्नुपर्नेछ ।

१४.३ न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण पालिकाको प्रमुख मार्फत सभामा पेश गर्नुपर्नेछ ।

**आज्ञाले,**

**नारायण बहादुर बिष्ट**

**प्रमुख प्रशासकीय अधिकृत**